राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक ६१ २०८३ असोज ३ गते शनिवार (19 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## भदौमा धनुषामा १५९ अपराधका घटना, १३५ फरार प्रतिवादी पक्राउ

### ३३२ किलोभन्दा बढी गाँजा बरामद, ७७ सवारी दुर्घटनामा १४८ घाइते; घरेलु हिंसाका ९० उजुरीमध्ये ८४ मिलापत्र

दैनिक समाचारदाता

जनकपुरधाम, २ असोज । जिल्ला प्रहरी कार्यालय धनुषाले भदौ महिनामा अपराध अनुसन्धान तथा नियन्त्रण, फैसला कार्यान्वयन, लागूऔषध नियन्त्रण, सडक सुरक्षा, विपद् व्यवस्थापन तथा नागरिक सेवाका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गरेको जनाएको छ । प्रहरीका अनुसार भदौ महिनामा धनुषामा विभिन्न प्रकृतिका १५९ वटा अपराधका घटना दर्ता भएका छन् । तीमध्ये ज्यानसम्बन्धी १६, चोरीसम्बन्धी २०, आत्महत्यासम्बन्धी १६, संगठित तथा आर्थिक अपराधसम्बन्धी २१, सामाजिक अपराध ३८, महिला तथा बालबालिकासम्बन्धी २३, सवारी ज्यानसम्बन्धी तीन र अन्य प्रकृतिका २२ घटना छन् । जघन्य तथा गम्भीर प्रकृतिका अपराधअन्तर्गत कर्तव्य ज्यान, हातहतियार, मानव बेचबिखन, बैंकिङ कसुर, जुवातास, ठगी तथा मुद्रासम्बन्धी २१ वटा घटना दर्ता भएको प्रहरीले जनाएको छ ।

चालु मुद्दाका फरार प्रतिवादी पक्राउ अभियानअन्तर्गत १३५ जना पक्राउ परेका छन् । सार्वजनिक चासोका पेन्डिङ मुद्दातर्फ ८२ वटा मुद्दा फछ्र्योट गरिएको प्रहरीले जनाएको छ । अदालतको फैसला कार्यान्वयनका क्रममा ९२ वटा मुद्दा फछ्र्योट हुँदा ७२ वर्ष १४७ महिना ४५१ दिन कैद तथा ८८ लाख ७३ हजार २१ रुपैयाँ जरिवाना असुलउपर गर्नुपर्ने फैसला कार्यान्वयन गरिएको छ ।

***घरेलु हिंसाका ९० उजुरी***

महिला, बालबालिका तथा ज्येष्ठ

बाँकी पृष्ठ ४मा

## मधेशमा बजेट रकमान्तरदेखि सरकारी सम्पत्तिसम्म महालेखाको प्रश्न

### असारमा मात्रै १ अर्ब ३४ करोड रकमान्तर, करोडौँका कार्यक्रम कार्यान्वयन भएनन्; अनुदान वितरण र वित्तीय अभिलेखमा समेत सुधारको सुझाव

दैनिक समाचारदाता

जनकपुरधाम, २ असोज । मधेश प्रदेश सरकारको बजेट कार्यान्वयन, रकमान्तर, अनुदान वितरण तथा सरकारी सम्पत्ति व्यवस्थापनमा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ । आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणबाट बजेट निर्माणदेखि खर्च र वित्तीय अभिलेख व्यवस्थापनसम्म सुधार आवश्यक रहेको महालेखापरीक्षकको आठौँ वार्षिक प्रतिवेदन २०८३ ले औंल्याएको हो ।




प्रतिवेदनअनुसार प्रदेश सरकारको सुरु बजेट ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँ रहेकोमा आर्थिक वर्षको अन्त्यतिर ठूलो रकम रकमान्तर गरिएको छ । असार महिनामा मात्रै १ अर्ब ३४ करोड ८२ लाख ७३ हजार रुपैयाँ रकमान्तर भएको महालेखाले जनाएको छ ।

महालेखाले वास्तविक आवश्यकता र कार्यान्वयन क्षमता मूल्यांकन गरेर बजेट निर्माण गर्न तथा पटकपटक निर्णयका आधारमा बजेट रकमान्तर गरी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्न सुझाव दिएको छ । वर्षको अन्त्यमा गरिने रकमान्तरले बजेटको उद्देश्यअनुसार कार्यक्रम कार्यान्वयनमा असर पर्न सक्ने प्रतिवेदनमा उल्लेख छ ।

प्रदेश सरकारले बजेटमा समावेश गरेका कतिपय महत्वपूर्ण कार्यक्रम कार्यान्वयनमा आउन नसकेको पनि प्रतिवेदनले देखाएको छ । प्रदेश मुद्रण छापाखाना स्थापनाका लागि विनियोजित ८० लाख, मधेश आन्दोलनका शहीद परिवार तथा घाइतेलाई सीपमूलक तालिमका लागि १ करोड ८० लाख, नारायणी क्रिकेट रंगशालामा अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण केन्द्र स्थापनाका लागि ३० लाख र भूमिगत जलस्रोत नक्साङ्कन तथा पुनर्भरण क्षेत्र अध्ययनका लागि ५० लाख रुपैयाँ बजेट राखिए पनि कार्यान्वयन नभएको उल्लेख छ ।

बाँकी पृष्ठ ४मा

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौँ,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौँ,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔँ,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौँ,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौँ,
- जलस्रोतको संरक्षण गरौँ र जलवायु परिवर्तन अनुकूल जीवनशैली अपनाऔँ,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौँ,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔँ ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौँ,
जलवायु उत्थानशील समाज निर्माण गरौँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भोटेकोशी बाढीमा ८२ सुरक्षाकर्मी अझै सम्पर्कविहीन

### तीन साता बित्दा पनि खोजी जारी, परिवारबाट डीएनए नमुना संकलन; प्रहरी र सशस्त्रका बेपत्ता परिवारलाई राहतको निर्णय

दैनिक समाचारदाता

काठमाडौं, २ असोज । रसुवाको भोटेकोशी नदीमा १० भदौमा आएको विनाशकारी बाढीमा परी नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका ८२ सुरक्षाकर्मी अझै सम्पर्कविहीन छन्। बाढी आएको तीन साता बितिसक्दा पनि उनीहरूको अवस्था पत्ता लाग्न सकेको छैन।

सैनिक मुख्यालय जंगी अड्डाका अनुसार नेपाली सेनाका ४५ जना सैनिक अझै सम्पर्कविहीन छन्। नेपाली सेनासहित अन्य सुरक्षा निकायले उनीहरूको खोजी जारी राखेका छन्।



नेपाल प्रहरीका २८ जना कर्मचारी बेपत्ता भएकामा तीन जनाको शव फेला परेको छ। त्यसपछि २५ जना प्रहरी कर्मचारी अझै सम्पर्कविहीन छन्। रसुवागढी प्रहरी चौकी, इलाका प्रहरी कार्यालय टिमुरे, स्याफ्रुबेसी, हाकु चौकी तथा मैलुङमा कार्यरत प्रहरी कर्मचारीसँग सम्पर्क हुन सकेको छैन।

त्यस्तै, सशस्त्र प्रहरी बलका १३ जना कर्मचारी सम्पर्कविहीन भएकामा एक जनाको शव फेला परेको छ। हाल १२ जना सशस्त्र प्रहरी कर्मचारीको अवस्था अज्ञात छ।

सम्पर्कविहीन सुरक्षाकर्मीको खोजी जारी रहे पनि लामो समयसम्म उनीहरूको अवस्था पत्ता नलागेपछि आफन्तले शव पहिचानका लागि डीएनए परीक्षण गराउन थालेका छन्। प्रहरीले सम्पर्कविहीन सुरक्षाकर्मीका परिवारबाट डीएनए नमुना संकलन भइरहेको जनाएको छ।

सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतका अनुसार सम्पर्कविहीन ४५ सैनिकका परिवारबाट डीएनए नमुना संकलन गरिएको छ। सबै परिवारबाट नमुना संकलन भइसकेकाले नमुना मिलानको प्रक्रिया अघि बढाइएको उनले बताए। नेपाल प्रहरी र सशस्त्र प्रहरीका सम्पर्कविहीन कर्मचारीका परिवारबाट पनि डीएनए नमुना संकलन गरिएको छ।

***के पाउँछन् राहत ?***

सैनिक मुख्यालय जंगी अड्डाले पीडित परिवारसँग समन्वय गर्न हेल्प डेस्क स्थापना गरी काम गरिरहेको जनाएको छ। प्रारम्भिक चरणमा गर्नुपर्ने काम सम्पन्न भइसकेको र सम्पर्कविहीन ४५ सैनिकका परिवारलाई प्रारम्भिक राहतसमेत उपलब्ध गराइसकिएको जंगी अड्डाले जनाएको छ।

बेपत्ता व्यक्तिको हकमा कानुनी प्रक्रिया पूरा गर्नुपर्ने भएकाले थप राहत तथा

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# “बेहुली” दोस्रो सातामा, पहिलो साता २ करोड २७ लाख ग्रस

## शुक्रबारदेखि अमेरिका, अस्ट्रेलिया र मध्यपूर्वका विभिन्न देशमा प्रदर्शन



काठमाडौं । फिल्म ‘बेहुली’ले पहिलो साता सुखद व्यापार गर्दै शुक्रबारदेखि दोस्रो सातामा प्रदर्शनलाई निरन्तरता दिएको छ। निर्माता अर्जुन पोखरेलका अनुसार फिल्मले हालसम्म २ करोड २७ लाख रुपैयाँ ग्रस कमाइ गरेको छ। यद्यपि, फिल्मको आधिकारिक कमाइ भने चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गर्नेछ। वितरक गोविन्द शाहीका अनुसार प्रदर्शनरत अन्य फिल्मको तुलनामा ‘बेहुली’ले उच्च सङ्ख्यामा शो पाएको छ।

फिल्म प्रदर्शन भइरहेका बेला कलाकार पारस बम र दिब्या रायमाझी विभिन्न स्थानमा पुगेर दर्शकसँग भेटघाट गरिरहेका छन्। नेपालगञ्ज पुगेका कलाकारले त्यहाँ दर्शकसँग भेटघाट गरेको तस्बिर तथा भिडियोसमेत सार्वजनिक भएका छन्। यसैबीच, ‘बेहुली’ शुक्रबारदेखि अमेरिका, अस्ट्रेलिया तथा मध्यपूर्वका विभिन्न देशमा समेत प्रदर्शनमा आएको जनाइएको छ। नेपाली समाजको यथार्थ, युवायुवतीको मनोभावना तथा परिवारको मार्मिक कथालाई फिल्ममा प्रस्तुत गरिएको निर्माण पक्षले जनाएको छ। फिल्ममा सुशान्त कार्की, पदम तामाङ, सन्तोष बानियाँलगायतका कलाकारको अभिनय रहेको छ। माधव शर्माले लेखेको फिल्मलाई सशान कँडेलले निर्देशन गरेका हुन्। फिल्मका प्रस्तुतकर्ता अर्जुन पोखरेल र निर्माता प्रताप राणा हुन्। कार्यकारी निर्मातामा शङ्कर कोइराला र रमेश सिलवाल तथा सह-निर्मातामा दुर्गा खरेल र शिशिर श्रेष्ठ रहेका छन्।

# पत्नी सुनीताको अफेयर आरोपबारे गोविन्दाले खोले मुख

## ‘उनी मलाई मायाले गाली गर्छिन्, म उनका हातबाट खान्छु’ : गोविन्दा

एजेन्सी

मुम्बई । भारतीय अभिनेता गोविन्दाले पत्नी सुनीता आहूजाले आफूमाथि लगाएका अफेयरसम्बन्धी आरोपबारे प्रतिक्रिया दिएका छन्।

सार्वजनिक रूपमा आफूबारे नकारात्मक टिप्पणी गरेर सुनीताले चर्चा पाइरहेको संकेत गर्दै गोविन्दाले सफलता हासिल गर्न अरूलाई बदनाम गर्नैपर्ने हो र भन्दै प्रश्न उठाएका छन्।

एएनआईसँग कुरा गर्दै गोविन्दाले पत्नीका आरोपबारे भने, “उनी मलाई धेरै मायाले गाली गर्छिन्। म उनका हातबाट खान्छु पनि।” भगवान्ले दिएको भूमिकाबिना कोही पनि सफल हुन नसक्ने उनको भनाइ थियो। आफ्नाबारे खुलेर बोलेपछि सुनीताले चर्चा पाइरहेको संकेत गर्दै उनले आफूले धेरै कुरा सार्वजनिक नगर्ने बताए।

“दूरी बनाउनका लागि आरोप लगाउनै पर्छ र ?” उनले प्रश्न गर्दै भने, “तर मानिसहरू यसलाई बाहिर निस्कने सजिलो बाटो मान्छन्।” सुनीताले पहिला आफ्नो प्रशंसा गर्ने र पछि नकारात्मक टिप्पणी गर्ने गरेको बताउँदै त्यसमा पनि आफूले माया नै देख्ने गोविन्दाले बताए।

केही समयअघि सुनीता ‘लक अप २’ कार्यक्रममा सहभागी भएकी थिइन्। कार्यक्रममा उनले गोविन्दाका विगतका अफेयरबारे कुरा गरेकी थिइन्। उनले प्रेम सम्बन्धमा धेरै कुरा सहन सक्नुपर्ने बताउँदै



गोविन्दाको युवावस्थामा धेरै अफेयर रहेको दाबी गरेकी थिइन्। अब भने आफूले त्यस्ता कुरा बेवास्ता नगर्ने उनको भनाइ थियो।

सुनीताले गोविन्दामाथि अर्की महिलासँग सम्बन्ध राखेको र आफूलाई धोका दिएको आरोप पटक-पटक लगाउँदै आएकी छन्। यसैबीच, गोविन्दा अभिनेत्री कोमल रानी स्वर्णकारसँग विमानस्थलमा देखिएपछि उनीहरूको सम्बन्धबारे पुनः चर्चा भएको छ। सुनीताले केही समयअघि एक अन्तर्वार्तामा कोमल नामकी महिलाप्रति आफूलाई नकारात्मक धारणा रहेको बताएकी थिइन्। मिस मालिनीलाई दिएको अन्तर्वार्तामा सुनीताले युवावस्थामा गल्ती हुन सक्ने भए पनि ६३ वर्षको उमेरमा यस्ता विषयमा चर्चा हुनु उचित नभएको बताएकी थिइन्। अन्तर्वार्ताकारको नाम पनि कोमल भएको थाहा पाएपछि उनले आफ्नो असहजता व्यक्त गरेकी थिइन्। सोही अन्तर्वार्तामा सुनीताले अहिलेका केही युवतीबारे टिप्पणी गर्दै उनीहरूलाई आफ्नो खर्च चलाउन धनी अभिभावक वा अन्य सहारा आवश्यक पर्ने दाबीसमेत गरेकी थिइन्। उनले गोविन्दालाई लक्षित गर्दै श्रीमती र बालबच्चा हुँदाहुँदै ६३ वर्षको उमेरमा यस्ता विषयमा जोडिनु उचित नभएको बताएकी थिइन्। यता, गोविन्दा सात वर्षपछि बलिउडमा पुनरागमन गर्ने तयारीमा छन्। उनी आफ्नै निर्माणको फिल्म ‘रूपा’मार्फत कोमल रानी स्वर्णकारलाई समेत सार्वजनिक गर्ने तयारीमा रहेको जनाइएको छ। यसैगरी, कोमल गोविन्दाको अर्को फिल्म ‘दुनियादारी’मा पनि रहने चर्चा छ। गत जुलाईमा आयोजित पत्रकार सम्मेलनमा गोविन्दाले कोमलको परिचय गराउँदै उनको अभिनयको प्रशंसा गरेका थिए। गोविन्दा र सुनीता आहूजाको विवाह सन् १९८७ मा निजी समारोहबीच भएको थियो। त्यतिबेला गोविन्दा बलिउडमा स्थापित भइसकेका थिए। करियरमा असर पर्न सक्ने भन्दै उनीहरूले करिब दुई वर्षसम्म विवाहको कुरा गोप्य राखेको बताइन्छ। छोरी टीना आहूजाको जन्मपछि उनीहरूले विवाहबारे सार्वजनिक रूपमा जानकारी दिएका थिए। पछि उनीहरूका छोरा यशवर्धन आहूजाको जन्म भएको थियो।

# ‘मिसेस नेपाल वर्ल्ड २०२६’ का २२ फाइनलिस्ट घोषणा

## विभिन्न पेसा र क्षेत्रका महिलाको सहभागिता; ग्रान्ड फिनाले कात्तिक १४ गते




काठमाडौं । विवाहित महिलाबीच हुने सौन्दर्य प्रतियोगिता ‘मिसेस नेपाल वर्ल्ड २०२६’का २२ जना फाइनलिस्ट घोषणा गरिएको छ। काठमाडौंमा आयोजित स्यास (नाम र प्रतियोगी नम्बर अंकित पट्टी) वितरण समारोहमा अडिसनबाट छनोट भएका प्रतियोगीलाई स्यास प्रदान गर्दै फाइनलिस्ट घोषणा गरिएको हो।

प्रतियोगिताका फाइनलिस्टमा प्रियशिखा खड्का, सगुन खनाल, सोफिया ढकाल, ऋचा शर्मा, स्वेच्छा पौड्याल, रश्मा श्रेष्ठ, यस्मिन बेगम सइद, नेहा गुप्ता, दिप्ती ढुंगेल, बिन्दु थापा राना, शिल्पा न्यौपाने, शान्ता राना, सुनिता श्रेष्ठ कर्माचार्य, सन्ध्या लामा, बिनिता गुरुङ, ज्योति लामिछाने, समीक्षा रानाभाट, सुष्मा थापा, क्रिस्टिना ज्ञवाली, अञ्जु परियार, मोनिका तामाङ र कञ्चन महर्जन रहेका छन्। आयोजक संस्था रिवन इन्टरटेनमेन्टका अध्यक्ष निशुकान्त झाका अनुसार यस वर्षको प्रतियोगितामा विभिन्न पेसा तथा क्षेत्रका महिलाको सहभागिता रहेको छ।

प्रतियोगिताको ग्रान्ड फिनाले कात्तिक १४ गते नेपाल पुलिस क्लबको हलमा आयोजना हुने आयोजकले जनाएको छ।

# तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# माटोमा काम गर्दा केही साताम‍ै तपाईँको स्वास्थ्यमा सुधार आउन सक्छ



माटोमा काम गर्दा घाँस, रूख वा झ्याउ छुँदा हाम्रो छाला र समग्र प्रतिरक्षा प्रणालीमा विभिन्न खालका लाभहरू पुग्छन्।

म दिनहुँ प्रायजसो आफ्नो घरनजिकैको उद्यानमा लामो समय हिँड्छु। त्यहाँ विभिन्न प्रजातिका धेरै रूखहरू छन्, वसन्त ऋतुमा निरन्तर परिवर्तन भइरहने सुगन्ध आउने आउने फूलहरू छन् र चराहरूको चिरबिरले वातावरण गुञ्जायमान हुन्छ। मेरो जुत्ता जतिसुकै हिलाम्मे भए पनि म प्रायः सफा हात लिएर घर फर्किन्छु। तर अनुसन्धानले प्रायः रूख, झाडी र माटोलाई हातले छोएर अनुभव गर्नुमा पनि फाइदा हुन सक्ने देखाएको छ। फिनल्यान्डको वातावरण संस्थाकी प्रकृति स्वास्थ्य अनुसन्धानकर्ता मिरा ग्रनरूसले एउटा प्रयोगका क्रममा मानिसहरूलाई २० सेकेन्डसम्म माटो, पिट र झ्याउले आफ्ना हात मोल्न लगाइन्। उनले धाराको पानीले हात धोएपछि पनि उनीहरूको छालामा रहेका सूक्ष्मजीवहरूको सङ्ख्या र विविधता बढेको पत्ता लगाइन्। "नाङ्गो आँखाले हेर्दा ( उनीहरूको हात) सफा देखिन्थे, तर परिवर्तन ठूलो थियो।"

हाम्रो छालामा धेरै ब्याक्टेरिया भएको कुरा सुन्दा त्यति राम्रो नलाग्न सक्छ। तर विभिन्न प्रकारका सूक्ष्मजीवहरू प्रशस्त मात्रामा सँगसँगै बस्दा, तिनीहरूले एक अर्कालाई नियन्त्रणमा राख्छन् र अझ हानिकारक तथा रोगजन्य ब्याक्टेरियाबाट हाम्रो रक्षा गर्छन्। बढ्दो अनुसन्धानले माटो र बिरुवाजस्ता प्राकृतिक पदार्थसँग सम्पर्कमा आउनु हाम्रो छालामा रहेका सूक्ष्मजीवहरूको विविधता बढाउने सजिलो उपाय भएको देखाइरहेका छन्। यसले हाम्रो छालालाई मात्रै नभई हाम्रो प्रतिरक्षा प्रणालीलाई पनि फाइदा पुर्‍याउँछ।

बीस सेकेन्ड समय भनेको धेरै होइन - म आफ्नो पैदल यात्राका क्रममा केही बेर रोकिएर रूखको बोक्रा छुन वा घाँसमै बस्न खुसी



भएर तयार हुन्छु। तर अझ बढी प्रकृतिसँग सम्पर्कमा रहनु अझ राम्रो हुने ग्रनरूस बताउँछिन्। उनको प्रयोगमा "छालामा रहेका सूक्ष्मजीवहरू निकै छिट्टै प्रयोगअघि जस्तै अवस्थामा फर्किए।" यी परिणामहरूले प्रकृतिसँग लामो समयसम्म वा बारम्बार छालाको सम्पर्क हुँदा हाम्रो छाला र शरीरभित्र भइरहेको प्रक्रियामा उल्लेखनीय परिवर्तन आउन सक्ने सङ्केत गर्छन्।

### *माटोमा खेल्दै*

फिनल्यान्डको मध्य भागमा रहेको एउटा डे केयर अरिन्कोलिन्ना सेन्टरका बालबालिकाका लागि हिलोले फोहोर भएका हातहरू सामान्य कुरा हुन्। उनीहरू हरेक दिन कम्तीमा केही घण्टा रूखहरूले घेरिएको खेल मैदानमा बाहिर खेल्छन्। झाडी र रूखहरूबीच दौडिन्छन्। डोरी चढ्छन्, बालुवाका घर बनाउँछन् पानी जमेका खाल्डामा छ्यापाछ्याप गर्छन् र मुट्ठीभरि माटो तथा काठका टुक्राहरू उठाउँछन्।

हरेक दिनको अन्त्यसम्म उनीहरू टाउकोदेखि खुट्टासम्म हिलोले ढाकिएका हुन्छन्। अहिले वैज्ञानिकहरूले यस्तो वातावरण उनीहरूको स्वास्थ्यका लागि कसरी फाइदाजनक हुनसक्छ भनेर अध्ययन गरिरहेका छन्। बालबालिकाको छाला, र्‍याल र दिसामा रहेका सूक्ष्मजीवहरूको विश्लेषण गर्नुका साथै रगत र कपालका नमुनाहरू अध्ययन गरेर अनुसन्धानकर्ताहरूले उनीहरूको खेल्ने ठाउँलाई प्रकृतिसँग जोडेपछि तीन वर्षको अवधिमा उनीहरूको प्रतिरक्षा प्रणालीमा के-कस्ता परिवर्तन हुन्छन् भन्ने कुरा बुझ्ने प्रयास गरिरहेका छन्।

फिनल्यान्डमा भएका ४३ वटा डे केयर सेन्टरमध्ये अरिन्कोलिन्ना एउटा हो र यी डे केयरहरू भविस्तु अनुसन्धान परियोजनामा सहभागी छन्। यो परियोजनाले वातावरणसम्बन्धी वैज्ञानिक मार्जा रोज्लन्डको नेतृत्वमा गरिएको हालैको दुई वर्षे अध्ययनलाई अघि बढाउँदै छ।

सन् २०१६-१७ मा उनले डे केयर सेन्टरको खेल मैदानमा जङ्गलको भुइँजस्तो प्राकृतिक वातावरण तयार गरिन् जहाँ पिट र बिरुवा रोप्ने बाकसहरू पनि थिए। त्यसपछि बालबालिकाहरूले २८ दिनसम्म नियमित रूपमा त्यहाँ खेलेपछि उनीहरूको छाला, र्‍याल र आन्द्रामा रहेका ब्याक्टेरियामा परेको प्रभाव हेरियो। एक वर्षपछि पनि फेरि परीक्षण गरियो।

पक्की सतह भएको खेल मैदानमा खेल्ने बालबालिकासँग तुलना गर्दा जङ्गलको भुइँजस्तो प्राकृतिक वातावरणमा खेल्ने बालबालिकाको छालामा एक वर्षपछि सूक्ष्मजीवहरूको विविधता अझ बढी रहेको पाइयो।

### *स्वस्थ छाला, स्वस्थ शरीर*

हाम्रो छालाको हेरचाह गर्नुका फाइदाहरू अरू धेरै छन्। छालाको स्वास्थ्यले हर्मोनको गतिविधि, मुटुसम्बन्धी रोग र हाम्रो मानसिक तथा कोग्निटिभ कार्यक्षमतामा समेत प्रभाव पार्न सक्छ। विशेषगरी, अनुसन्धानले हाम्रो छालालाई विभिन्न प्रकारका ब्याक्टेरियासँग सम्पर्कमा ल्याउँदा यसले हाम्रो प्रतिरक्षा प्रणालीमा प्रभाव पार्न सक्ने देखाउन थालेको छ।

उनले केही साना बालबालिकालाई विभिन्न प्रकारका सूक्ष्मजीवहरू भएको माटो मिसाइएको बालुवा खेल्ने ठाउँमा खेल्न लगाइन्। अर्को समूहका बालबालिकाहरूले बाहिरबाट हेर्दा उस्तै देखिने तर कम सूक्ष्मजीव विविधता भएको माटो राखिएको बालुवा खेल्ने ठाउँमा खेले।

हामीले ठानेजस्तै सूक्ष्मजीवहरूले भरिएको बालुवा खेल्ने ठाउँमा खेल्दा बालबालिकाको छालामा रहेका केही निश्चित प्रकारका ब्याक्टेरियाहरूको विविधता बढ्यो। तर त्यति मात्र होइन यी बालबालिकाको रगतका नमुनामा साटोकाइन भनिने प्रतिरक्षा चिन्हमा पनि परिवर्तन भएको देखियो। यी परिवर्तनहरूले प्रतिरक्षा प्रणालीले अत्यधिक सक्रिय नभइ शरीरलाई विभिन्न हानिकारक तत्त्व तथा सङ्क्रमणबाट जोगाउने क्षमतालाई सहयोग गर्छ।

यस्तै कुराहरूले भविस्तु परियोजनालाई प्रेरित गरेको हो। यो अनुसन्धानले जैविक विविधताको अवधारणालाई सघाउँछ, जसअनुसार विभिन्न प्रकारका सूक्ष्मजीवहरूले भरिपूर्ण हावा, वनस्पति र माटोले मानव शरीरमा रहेका सूक्ष्मजीवहरूको समुदायमा महत्त्वपूर्ण प्रभाव पार्छन् र त्यसैले हाम्रो स्वास्थ्यमा पनि असर पार्छ।

हाम्रो वातावरणमा जैविक विविधता घट्दै जानु अहिले बढिरहेका प्रतिरक्षा प्रणालीसँग सम्बन्धित विभिन्न स्वास्थ्य समस्याहरूको एउटा कारण हुनसक्ने कुरा लामो समयदेखि सुझाव दिइँदै आएको छ। उनको अनुसन्धानले यस्तो किन र कसरी हुन्छ भन्ने कुरा बुझ्न सहयोग गर्न सक्छ।

### *ठूलालाई पनि फाइदा*

स्वास्थ्यमा पुग्ने यी फाइदाहरू केवल बालबालिकामा मात्रै देखिएका होइनन्। एउटा अध्ययनमा, जाडोयाममा वयस्कहरूलाई पनि घरभित्रै तरकारीहरू उमार्न लगाइएको थियो। त्यसमा सहभागीहरूले विभिन्न प्रकारका सूक्ष्मजीवहरू भएको माटो प्रयोग गरे भने अरूले बाहिरबाट हेर्दा उस्तै देखिने तर सूक्ष्मजीवहरू कम भएको माटो प्रयोग गरे। उनीहरूले एक महिनासम्म हरेक दिन बिरुवाहरूको हेरचाह गरे र आफूले उब्जाएका तरकारीहरू खाए। विभिन्न प्रकारका सूक्ष्मजीवहरू भएको माटो प्रयोग गर्ने मानिसहरूको छालामा रहेका ब्याक्टेरियाको विविधता बढेको पाइयो। उनीहरूको रगतमा सुजन कम गर्ने साइटोकाइनको मात्रा पनि बढेको देखियो। अर्को समूहमा भने परिवर्तन त्यस्तो देखिएन।

ग्रनरूसले आफ्नै परिवारमा पनि आफ्नो अनुसन्धानका निष्कर्षहरू व्यवहारमा लागु गरिन्। "जब म आफ्ना बच्चाहरूसँग बाहिर जान्छु, उनीहरूले केही फलफूलका बोक्रा, साना टुक्रा वा लट्ठीहरू टिप्न चाहे भने म हुँदैन भन्दिनँ। म उनीहरूलाई ती घरमा ल्याएर खेल्न दिन्छु।"

हामीले हाम्रो सहरहरूमा पनि यस्ता विचार लागु गर्नुपर्ने उनले बताइन्।

"प्रकृतिसँग सम्पर्कमा आउन सकिने गरी सहरहरू बनाइनुपर्छ। आशययुक्त नभइकन संसर्गमा आए पनि त्यो राम्रो हुन्छ र मानिसहरूले त्यहाँ जाने निर्णय गरिरहनु पनि पर्दैन। उनीहरू स्कुल वा काममा जाँदा प्रकृतिसँग निकट भइहाल्छन्," उनले भनिन्।

प्रकृतिसँग नजिक हुँदा त्यसले हाम्रो प्रतिरक्षा प्रणालीमा ठ्याक्कै कसरी प्रभाव पार्छ भन्ने विषयमा विज्ञानले अझ धेरै कुरा पत्ता लगाउन बाँकी छ। "यसमा जोखिम कम छ," उनले भनिन्, "कुनै ठूलो हानि नभइ धेरै सम्भावित फाइदाहरू छन्।"

सायद यी जे कुरा पत्ता लागे तिनीहरूले हामी सबैलाई झ्याउ लागेको रूखलाई हातले छुन, घाँसमाथि बसेर प्रकृतिलाई अनुभव गर्न र अलिकति हिलोसँग नडराउन प्रोत्साहित गर्छन्।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# प्रेम सम्बन्धको आरोपमा युवकको हत्या, शव ९ टुक्रा पारेर सेफ्टी ट्यांकीमा

## महोत्तरीमा परिवारकै योजनामा हत्या भएको प्रहरीको प्रारम्भिक निष्कर्ष; बुहारीसहित चार पक्राउ, श्रीमान् फरार

दैनिक समाचारदाता
जनकपुरधाम, २ असोज । महोत्तरीको बलवा नगरपालिका-७ बनौटामा प्रेम सम्बन्धको विषयलाई लिएर एक युवकको हत्या गरी शव टुक्राटुक्रा पारेर शौचालयको सेफ्टी ट्यांकीमा लुकाइएको घटना सार्वजनिक भएको छ ।

गत २६ भदौमा स्थानीय अशोककुमार ठाकुरको घरको सेफ्टी ट्यांकीमा टुक्राटुक्रा अवस्थामा फेला परेको शव भंगहा नगरपालिका-६ का २४ वर्षीय विवेक सरदारको रहेको खुलेको हो । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार विवेक र अशोककी बुहारी सोनुकुमारी ठाकुरबीच प्रेम सम्बन्ध रहेको थाहा पाएपछि परिवारले योजनाबद्ध रूपमा उनको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले बलवा नगरपालिका-७ का अशोककुमार ठाकुर, उनकी ५० वर्षीया श्रीमती रामकलीदेवी ठाकुर, बुहारी २२ वर्षीया सोनुकुमारी ठाकुर र महोत्तरी गाउँपालिका-५ का २८ वर्षीय सियाराम शर्मालाई पक्राउ गरेको छ । सोनुका श्रीमान् जितेन्द्र ठाकुर भने फरार छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी इन्स्पेक्टर विश्वम्भरनाथ साहका अनुसार वैदेशिक रोजगारीमा रहेका जितेन्द्रलाई परिवारले नेपाल बोलाएको र उनी गोप्य रूपमा फर्किएपछि विवेकलाई फोन गरेर घरमा बोलाइएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।



प्रहरीका अनुसार भदौ १५ गते सोनुलाई विवेकलाई फोन गरेर घरमा बोलाउन लगाइएको थियो । मध्याह्न करिब १२ बजे घरमा आएका विवेकलाई बुबाछोराले घाँटी थिचेर हत्या गरेको र त्यसपछि फुर्सा (दाउ) प्रयोग गरी शवलाई नौ टुक्रा पारेर सेफ्टी ट्यांकीमा लुकाएको बयान पक्राउ परेकाहरूले दिएका छन् । प्रहरीले घटनामा प्रयोग भएको दाउसमेत बरामद गरेको जनाएको छ ।

***यसरी खुलेको थियो घटना***

भदौ १३ गते रक्षाबन्धनमा दिदीको घर गएका विवेक भदौ १४ गते साँझ दिदीलाई जलेश्वर नगरपालिका-११ पिगौंस्थित घर पुर्‍याउन मोटरसाइकलमा गएका थिए । राति दिदीको घरमा बसेका उनी भोलिपल्ट बिहान करिब साढे ११ बजे आफ्नो घरतर्फ हिँडेका थिए ।

तर, घर नफर्किएपछि परिवारले भदौ १६ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा हुलियासहित निवेदन दिएका थिए । त्यसपछि प्रहरीले उनको खोजी सुरु गरेको थियो ।

वडा कार्यालयमा रहेका सीसीटीभी फुटेज, मोबाइलको स्थान विवरण तथा अन्य प्राविधिक अनुसन्धानका आधारमा प्रहरीले विवेकको खोजी अघि बढाएको थियो ।

अनुसन्धानका क्रममा अशोक ठाकुरमाथि शंका लागेपछि प्रहरीले उनीसँग सोधपुछ गरेको थियो । तर, अशोकले विवेकबारे आफूलाई कुनै जानकारी नभएको बताउँदै आएका थिए ।

प्रहरीका अनुसार अशोकले आफ्ना छोरा जितेन्द्र विदेशबाट फर्किएको कुरा पनि लुकाएका थिए । भदौ २६ गते प्रहरीले उनको घरमा खानतलासी गर्दा जितेन्द्र विदेशबाट फर्किएको हुनसक्ने प्रमाण र घरमा नयाँ सामान देखिएपछि घटनाबारे थप शंका भएको थियो । 'सोनुका श्रीमान् विदेशबाट आएको कुरा नै लुकाइएको थियो । घर खानतलासी गर्दा नयाँ सामान देखिएपछि उनी घर आएको र केही घटना गरेको हुनसक्ने निष्कर्षमा हामी पुग्यौं,' सूचना अधिकारी साहले भने ।

घरको खोजतलासका क्रममा शौचालयको सेफ्टी ट्यांकीको एक भागमा नयाँ प्लास्टर गरिएको देखिएपछि प्रहरीले त्यहाँ शव लुकाइएको हुनसक्ने आशंका गरेको थियो । प्लास्टर फुटाएर खोजी गर्ने क्रममा अशोकले हत्या स्वीकार गरेको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार शवलाई घाँटी, दुवै हात र दुवै खुट्टासहित नौ टुक्रा पारिएको थियो । तिघ्रादेखि खुट्टासम्मको भागसमेत दुई-दुई टुक्रा पारिएको अनुसन्धानबाट खुलेको छ ।

***श्रीमान् विदेशबाटै फर्किएर हत्या गरेको आशंका***

प्रहरीको प्रारम्भिक अनुसन्धानमा जितेन्द्रले आफ्नी श्रीमती सोनुको विवेकसँग प्रेम सम्बन्ध रहेको थाहा पाएपछि विदेशबाटै हत्या गर्ने योजना बनाएको र सोही योजनाअनुसार नेपाल फर्किएको देखिएको छ ।

हत्या गरेपछि विवेकको शव सेफ्टी ट्यांकीमा लुकाइएको र उनको मोटरसाइकल भने अहिलेसम्म फेला नपरेको प्रहरीले जनाएको छ । फरार जितेन्द्रको खोजी भइरहेको छ ।

घटनामा अन्य व्यक्तिको समेत संलग्नता हुनसक्ने आशंकामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार विवेकको गत फागुनमा विवाह भएको थियो भने सोनुका दुई सन्तान छन्।

## मधेशमा.......

त्यस्तै, मधेश नदी सञ्जालीकरण अध्ययनका लागि १ करोड, सौर्य ऊर्जा उत्पादनको सम्भाव्यता अध्ययनका लागि १५ लाख तथा पर्यटन गुरुयोजना निर्माणका लागि ५० लाख रुपैयाँ विनियोजन भए पनि ती कार्यक्रम कार्यान्वयन हुन नसकेको महालेखाले जनाएको छ ।

महालेखाले बजेटमा समावेश गरिएका कार्यक्रम कार्यान्वयन गर्न तथा कार्यान्वयन हुन नसक्ने कार्यक्रम बजेटमा नराख्न सुझाव दिएको छ । आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र बजेटबीच सामञ्जस्य कायम गर्नसमेत जोड दिइएको छ ।

प्रदेश सरकारबाट वितरण हुने अनुदानमा लाभग्राही पहिचान, वितरणको अभिलेख तथा उपलब्धिको मूल्यांकन स्पष्ट हुनुपर्ने महालेखाको सुझाव छ । उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमलाई प्राथमिकता दिन तथा अनुदानबाट अपेक्षित उपलब्धि भए-नभएको नियमित समीक्षा गर्न पनि भनिएको छ ।

प्रदेश मातहतका गैरबजेटरी निकायको वित्तीय विवरणमा समेत कमजोरी देखिएको छ । सबै निकायको कारोबार समेट्नुपर्नेमा एउटा प्रतिष्ठानको कारोबार मात्र समावेश गरिएको भन्दै महालेखाले एकीकृत र पूर्ण वित्तीय विवरण तयार गर्न सुझाव दिएको छ ।

सरकारी सम्पत्तिको अभिलेख व्यवस्थापनमा पनि प्रश्न उठाउँदै महालेखाले मन्त्रालय तथा मातहतका कार्यालयमा रहेका भवन, जग्गा, सवारीसाधन, उपकरण तथा जिन्सी सामग्रीको विवरण अद्यावधिक गर्न भनेको छ । सरकारी सम्पत्ति व्यवस्थापन प्रणालीअनुसार यस्ता सम्पत्तिको मूल्य ३२ करोड २८ लाख ८३ हजार रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी गृह, सञ्चार तथा कानून मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणमा २ करोड १८ लाख ५४ हजार रुपैयाँ बेरुजु देखिएको छ । प्रारम्भिक प्रतिवेदनपछि प्राप्त प्रतिक्रियाबाट १ लाख ७४ हजार रुपैयाँ फर्स्योट भएको र बाँकी बेरुजु आवश्यक प्रमाण पेस, नियमित वा असुल गर्नुपर्ने महालेखाले जनाएको छ ।

अघिल्ला लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बजेट कार्यान्वयन, रकमान्तर लगायतका विषयमा अपेक्षित सुधार नभएको भन्दै महालेखाले एउटै प्रकृतिका कैफियत दोहोरिन नदिन जिम्मेवार निकायले नियमित समीक्षा र वित्तीय अनुशासन कायम गर्नुपर्नेमा जोड दिएको छ ।

## भोटेकोशी.........

क्षतिपूर्तिका विषयमा आवश्यक प्रक्रिया अघि बढाइएको जंगी अड्डाले जनाएको छ।

'बेपत्ताको हकमा कानुनी अड्चन पनि यथावत् छ। कानुनी पाटो सम्बोधन भएपछि थप गर्नुपर्ने काम र राहतका लागि अहिले सबै तयारी गरिएको छ,' जंगी अड्डा स्रोतले भन्यो।

अन्य क्षतिपूर्ति तथा राहत सैनिक ऐन र नियमावलीअनुसार उपलब्ध गराइने जनाइएको छ।

नेपाल प्रहरीले बाढीमा बेपत्ता भएका प्रहरी कर्मचारीका परिवारलाई १० लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय यसअघि नै गरिसकेको छ। प्रहरीको नीति निर्माण समिति (पीसीसी)को निर्णयअनुसार मृतक प्रहरी कर्मचारीले नेपाल प्रहरी कल्याण कोषबाट लिएको विशेष सापटी ऋण मिनाहा गरिनेछ।

त्यस्तै, मृतक प्रहरी कर्मचारीका परिवारबाट इच्छुक एक जनालाई सीपमूलक तालिम उपलब्ध गराउने र रोजगारीका लागि आवश्यक पहल गर्ने निर्णय भएको छ।

बेपत्ता तथा मृतक प्रहरी कर्मचारीका सन्ततिलाई शैक्षिक वृत्तिअन्तर्गत पायक पर्ने प्रहरी आवासीय विद्यालयमा आधारभूत तहसम्म र नेपाल प्रहरी आवासीय विद्यालय, साँगा, काभ्रेमा उच्च तहसम्म शैक्षिक शुल्क मिनाहा गरी अध्ययनको व्यवस्था मिलाउने निर्णयसमेत गरिएको छ।

बाढी प्रभावित क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीका सामग्री क्षति भएकामा राहतस्वरूप जनही ५० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय पनि भएको छ। यसबाहेक प्रहरी नियमावलीअनुसार प्राप्त हुने सेवा-सुविधा उनीहरूले पाउनेछन्।

सशस्त्र प्रहरी बलले बाढीमा बेपत्ता भएका आफ्ना कर्मचारीका परिवारलाई २५ लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको छ। मृतक सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारलाई राष्ट्रसेवकका तर्फबाट तत्काल १५ लाख, राहतसम्बन्धी कार्यविधि, २०७९ अनुसार ५ लाख र सशस्त्र प्रहरी बल, नेपाल विपद् प्रकोप राहत कोष सञ्चालनसम्बन्धी मापदण्ड, २०८१ अनुसार ५ लाख गरी कुल २५ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको छ।

यसैगरी, मृतक सशस्त्र प्रहरी कर्मचारीले कल्याण कोषबाट लिएको र भुक्तानी गर्न बाँकी सम्पूर्ण ऋण मिनाहा गर्ने निर्णय गरिएको छ। उनीहरूका सन्ततिलाई पायक पर्ने नेपाल एपीएफ स्कुलमा कक्षा १० सम्म अध्ययनका लागि शैक्षिक शुल्क छुट दिने व्यवस्था पनि गरिएको छ।

बाढीका कारण सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारका सदस्यको मृत्यु भएमा प्रतिव्यक्ति एक लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय भएको छ। बाढीमा परी मृत्यु भएका सशस्त्र प्रहरी कर्मचारीको स्मृतिमा उपयुक्त स्थानमा स्मारक निर्माण गर्ने निर्णयसमेत सशस्त्र प्रहरी बलले गरेको छ।

## भदौमा.........

निकायसँग समन्वय तथा समुदाय र विद्यालय केन्द्रित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको जनाएको छ।



लागूऔषधविरुद्ध १४, विपद्सम्बन्धी ११ र बालविवाहविरुद्ध दुई कार्यक्रम सञ्चालन भएका छन् । ट्राफिक सचेतना, सामाजिक अपराध न्यूनीकरण तथा नागरिक सचेतनासहित ९५ समुदाय केन्द्रित कार्यक्रममा २ हजार ५४० जना लाभान्वित भएको प्रहरीको दाबी छ ।

नागरिकसँग प्रत्यक्ष सम्पर्क विस्तारका लागि सञ्चालनमा रहेका हटलाइन तथा सम्पर्क नम्बरमा ७ हजार ७८६ कल आएको छ । त्यसमध्ये हटलाइनमा २ हजार ७०१ र प्रहरी नायब उपरीक्षकको सम्पर्क नम्बरमा ५ हजार ८५ कल आएको छ । नागरिक सहायता कक्षमा ६ हजार ९९३ सेवाग्राही पुगेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले अपराध नियन्त्रणसँगै नागरिकमैत्री प्रहरी सेवामा जोड दिइएको बताए । 'अपराध नियन्त्रण प्रहरीको प्रयासबाट मात्र सम्भव हुँदैन । यसका लागि समुदाय, स्थानीय तह, विद्यालय, नागरिक समाज तथा सम्बन्धित सरोकारवाला निकायबीच निरन्तर सहकार्य आवश्यक हुन्छ,' उनले भने, 'भदौमा अपराध अनुसन्धान र फरार प्रतिवादी पक्राउसँगै महिला तथा बालबालिका सुरक्षा, लागूऔषध नियन्त्रण, ट्राफिक व्यवस्थापन, विपद् उद्धार र नागरिक सहायता सेवामा पनि प्रहरी परिचालन गरिएको छ ।'

सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणका लागि भारतीय समकक्षी सुरक्षा निकायसँग समन्वय बढाइएको र प्राप्त सूचनालाई अनुसन्धान तथा कारबाहीसँग जोडिएको खनालले बताए ।

प्रहरीले कर्मचारीको मनोबल बढाउन उत्कृष्ट प्रहरी घोषणा तथा पुरस्कार, आलोपालो बिदाको व्यवस्था र पीडित पुनःभेटघाट कार्यक्रमलाई समेत अघि बढाइएको जनाएको छ ।


- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्ग जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३२४

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४